# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com








❐ वर्ष : २५ ❐ अंक : २२४ ❐ बुधवार, १३ जेठ, २०८३ ❐ Wednesday, 27 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


### ट्राफिकको सुरक्षित कर्णाली अभियान:

# महिला अटोचालकलाई सेफ्टी ज्याकेट वितरण

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १२ जेठ

सुरक्षित कर्णाली अभियानअन्तर्गत सुर्खेतका महिला अटोचालकहरुलाई सेफ्टी ज्याकेट वितरण गरिएको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेशले चलाएको उक्त अभियानअन्तर्गत महिला अटोचालकलाई ज्याकेट वितरणसँगै स्वास्थ्यसम्बन्धी अभिमुखीकरण पनि गरिएको छ।

सामाजिक विकास मन्त्रालयको समन्वय र ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेशको आयोजनामा गरिएको उक्त कार्यक्रममा कर्णाली महिला स्वास्थ्य क्लिनिकले सेफ्टी ज्याकेट उपलब्ध गराएको हो। कार्यक्रममा निःशुल्क स्वास्थ्य सेवा र आकस्मिक उपचारको घोषणाले महिला अटोचालक उत्साहित बनेका थिए।

४० भन्दा बढी महिला अटोचालकको सहभागिता रहेको कार्यक्रममा ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरण, सुरक्षित यात्रा र ट्राफिक सचेतनाको सन्देशसहित सेफ्टी ज्याकेट वितरण गरेको हो।

कार्यक्रममा बोल्दै वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने उद्देश्यले नगरपालिकाले निरन्तर सीपमूलक तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिइन्। 'एक घर, एक महिला स्वरोजगार : विकास र समृद्धिको मूल आधार' भन्ने नारालाई व्यवहारमा उतार्ने काम नगरपालिकाले गरिरहेको छ,' उनले भनिन्, 'महिलालाई घरभित्र सीमित राख्ने सोच अब परिवर्तन हुनुपर्छ। कृषि, सिलाइकटाइ, साना व्यवसायदेखि अटो रिक्सा सञ्चालन तालिमसम्मका कार्यक्रम महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले सञ्चालन गरिएका हुन्। आज महिलाहरू सडकमा अटो चलाएर आफ्नो परिवार धान्न सफल भएका छन्, यो ठूलो उपलब्धि हो।'




महिलामाथि हुने विभेद र हेपाहा व्यवहारविरुद्ध महिलाहरु स्वयं सचेत र सशक्त हुनुपर्नेमा जोड दिँदै प्रमुख ढकालले महिलारु अब आफ्नो अधिकारका लागि खुलेर बोल्न सक्ने अवस्थामा पुगेको बताइन्।

'कसैले महिलाको आत्मसम्मानमा चोट पुग्ने व्यवहार गर्छ भने महिलाहरु अब चुप लागेर बस्ने अवस्था छैन,' उनले भनिन्, 'व्यक्तिगतदेखि कानुनी रुपमा आफ्नो अधिकारका लागि लड्न सक्ने क्षमता महिलाहरुमा विकास हुँदै गएको छ। तपाईं सबै महिला अटोचालकहरु अन्य महिलाका लागि पनि प्रेरणाको स्रोत बन्नुभएको छ।'

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका मानसिक रोग फोकल पर्सन खगेन्द्रप्रकाश गैरेले महिला चालकहरुले सडकमा काम गर्दा भोग्नुपर्ने मानसिक तनाव, सामाजिक दबाब र मनोसामाजिक समस्याबारे प्रस्तुति दिएका थिए।

'लामो समय सडकमा काम गर्दा मानसिक थकान, असुरक्षा, सामाजिक टिप्पणी र आर्थिक दबाबका कारण महिलाहरु तनावमा रहने सम्भावना बढी हुन्छ,' उनले भने, 'धेरै महिलाहरू समस्या हुँदा पनि खुलेर भन्न सक्नुहुन्न। निन्द्रा नलाग्ने, अत्यधिक चिन्ता हुने, डर लाग्ने, रिस बढ्ने, एक्लोपन महसुस हुने जस्ता समस्या पनि मानसिक स्वास्थ्यसँग जोडिएका विषय हुन्।'

उनले मानसिक स्वास्थ्य समस्या लुकाएर बस्न नहुने बताउँदै समयमै परामर्श र उपचार लिन आग्रह गरे। सरकारले मानसिक स्वास्थ्यसम्बन्धी निःशुल्क उपचार र परामर्श सेवा पनि सञ्चालन गरिरहेको गैरेले जानकारी दिए।

महिला अटोचालककलाई उपचारमा सहजता

कर्णाली महिला स्वास्थ्य क्लिनिकका प्रमुख एवम् प्रसुति तथा स्त्री रोग विशेषज्ञ डा ललितजंग शाहीले महिला अटो चालकलाई लामो समय सवारी चलाउँदा हुने विभिन्न स्वास्थ्य समस्याबारे सचेत गराए।

'धुलो, धुँवा, अनियमित खानपान, पर्याप्त आराम नपाउने अवस्था र लामो समयसम्म बसिरहनुपर्दा महिलामा विभिन्न स्वास्थ्य समस्या देखिन सक्छन्,' उनले भने, 'विशेषगरी महिलाको प्रजनन स्वास्थ्य, ढाड दुख्ने, थकान र रक्तचापसम्बन्धी समस्या बढ्न सक्छ। त्यसैले नियमित स्वास्थ्य परीक्षण आवश्यक छ।'

डा. शाहीले कार्यक्रममा वितरण गरिएको सेफ्टी ज्याकेटलाई स्वास्थ्य सेवासँग समेत जोड्दै विशेष घोषणा पनि गरे। 'यो ज्याकेट लगाएर हाम्रो क्लिनिकमा आउने महिला अटो चालकको बिरामी पुर्जी निःशुल्क बनाइनेछ, उनले भने।'

साथै उनले सुर्खेतमा अटो चलाउने क्रममा जोसुकै महिला पनि आकस्मिक गम्भीर स्वास्थ्य समस्यासँगै उपचार गर्न नसक्ने अवस्थामा भएको भेटाएमा आफुकहाँ ल्याएमा निःशुल्क उपचार गरिदिने वाचा गरे।

'महिला अटोचालकले कोही महिलाहरु पैसा नभएर उपचार गराउन नसकेको हुन सक्छ,' डा शाहीले भने, 'त्यसरी वेवारिसे हुनुभएको र आकस्मिक स्वास्थ्य सेवाको आवश्यकता छ भने हामी निःशुल्क उपचार गरिदिनेछौं।'

कार्यक्रममा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेशका प्रमुख मुकुन्दप्रसाद रिजालले ट्राफिक प्रहरी सडकमा यात्रा गर्ने नागरिकको 'सारथी' भएको उल्लेख गर्दै सुरक्षित यात्राका लागि सबैको सहकार्य आवश्यक रहेको बताए।

'ट्राफिक प्रहरीको काम केवल कारबाही गर्नु मात्र होइन, सुरक्षित यात्रा सुनिश्चित गर्नु पनि हो,' उनले भने, 'सडकमा यात्रा गर्ने जो-कोहीलाई समस्या परेमा ट्राफिक प्रहरी पहिलो सहयोगी बन्नुपर्छ भन्ने हाम्रो उद्देश्य हो। महिला चालकहरूले कुनै असहजता, दुर्व्यवहार वा समस्या भोग्नुपरे तत्काल जानकारी गराउनुस्, हामी तुरुन्त सुनुवाइ गर्छौं।'

एसपी रिजालले केही ट्राफिक प्रहरीबाट हुने अनैतिक व्यवहारप्रति कार्यालय गम्भीर रहेको उल्लेख गर्दै त्यस्ता गतिविधिमाथि कडाइका साथ निगरानी भइरहेको बताए।

उनले उनले सडक सुरक्षा केवल प्रहरीको जिम्मेवारी मात्र नभई सबै नागरिकको साझा दायित्व भएको उल्लेख गर्दै ट्राफिक नियम पालना गर्न पनि आग्रह गरे।

कार्यक्रममा सहभागी महिला अटोचालकहरुले यस्तो कार्यक्रमले आफूहरूलाई थप सम्मानित र सुरक्षित महसुस गराएको बताएका थिए। अटोचालक सुशीला सापकोटाले आफूले वीरेन्द्रनगर नगरपालिकाबाट अटो चलाउने तालिम लिएर अहिले यो स्थानमा पुगेको भन्दै नगरपालिकालाई धन्यवाद पनि दिइन्।

उनले आफूसँगै धेरै महिलाको प्रेरणा बनेर प्रमुख ढकालले गरेको कामको प्रशंसा पनि गरिन्। 'विस्तारै हामीलाई हेर्ने नजर पनि बदलिँदैछ,' उनले भनिन्, 'सडकमा अनेक टिप्पणी सुन्नुपर्थ्यो। यस्तो कार्यक्रमले हामीलाई थप हौसला दिएको छ।' आफूहरुले काम गर्ने क्रममा स्वास्थ्य, सुरक्षा र आत्मविश्वास महत्वपुर्ण हुने भन्दै समस्या बुझेर सहयोग गरेकोमा खुसी लागेको बताइन्।

# वीरेन्द्रनगरमा १६औं प्रदेश स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरू: खेल क्षेत्रको विकासमा सरकार प्रतिबद्ध




❐ सिर्जना बुढाथोकी
सुर्खेत, १२ जेठ

कर्णाली प्रदेशको राजधानी सुर्खेतस्थित वीरेन्द्रनगर रंगशालामा १६औं प्रदेश स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता भव्य रूपमा सुरु भएको छ। कर्णाली प्रदेशका सबै जिल्लाका खेलाडीहरूको उत्साहजनक उपस्थिति रहेको उक्त प्रतियोगिताको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि एवं कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय यामलाल कँडेलले कर्णालीको खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकार दृढताका साथ लागिपरेको बताउनुभयो। मुख्यमन्त्री कँडेलले अब कर्णालीमै विभिन्न राष्ट्रिय स्तरका खेलहरू आयोजना गरेर यस क्षेत्रलाई खेलकुदकै माध्यमबाट विश्वमाझ चिनाउन आवश्यक प्रयत्न गरिने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। समुद्घाटन समारोहको अध्यक्षता गर्नुभएका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले प्रदेश सरकारले खेलका माध्यमबाट कर्णालीलाई चिनाउने काम गरिरहेको उल्लेख गर्नुभयो। उहाँले यस प्रतियोगिताबाट छनोट हुने उत्कृष्ट खेलाडीहरूलाई बन्द प्रशिक्षण (क्लोज गेम) मा राखेर राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धाका लागि पठाइने जानकारी दिनुभयो। खेलकुदले कर्णालीमा मौलिक र साहसिक पर्यटन खेलहरूको समेत सुरुवात गरिसकेको चर्चा गर्दै मन्त्री भण्डारीले खेल क्षेत्रलाई अझ व्यावसायिक रूपमा अगाडि बढाउन खेलाडीहरूको मुख्य भूमिका रहने बताउँदै धन्यवाद ज्ञापन गर्नुभयो। साथै उहाँले सुर्खेतमै चाँडै १९ वर्षमुनिको (ग-१९) राष्ट्रिय क्रिकेट प्रतियोगिता समेत आयोजना हुन लागेको महत्वपूर्ण जानकारी दिनुभयो।

प्रतियोगिताको पहिलो दिन आज भएका खेलहरूमा एथ्लेटिक्सतर्फ कालिकोट र उसुतर्फ आयोजक सुर्खेत जिल्लाका खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै बर्चस्व कायम गरेका छन्। एथ्लेटिक्सको १५ सय मिटर दौड अन्तर्गत छात्रतर्फ कालिकोटका अनिल शाही प्रथम, जुम्लाका युवराज बुढा द्वितीय र सुर्खेतका भुवन चालिसे तृतीय हुन सफल भए भने छात्रातर्फ कालिकोटकी स्वस्तिका कठायत प्रथम, कालिकोटकै सपना शाही द्वितीय र जुम्लाकी संगिता कुमारी बुढाले तृतीय स्थान हासिल गरे।

त्यसैगरी उसु खेलका विभिन्न विधामा सुर्खेतका खेलाडीहरूले क्लिन स्वीप गरेका छन्। उसुको छाङ छ्वानतर्फ छात्रमा भुपेन्द्र बुढा र छात्रामा सुनिता कुँवर प्रथम भए। नान छ्वानतर्फ छात्रमा तुफान कुँवर र छात्रामा सन्ध्या राना क्षेत्रीले स्वर्ण पदक जिते भने थाईची छ्वानतर्फ छात्रमा करण चौधरी र छात्रामा इभान्जेलिना कुँवर मगरले प्रथम स्थान हासिल गर्न सफल भए। आगामी पर्सिसम्म सञ्चालन हुने यस प्रतियोगितामा कर्णालीका विभिन्न जिल्लाबाट आएका खेलाडीहरूले अन्य विभिन्न खेल विधाहरूमा आफ्नो उत्कृष्ट खेल कौशल प्रस्तुत गर्ने कार्यक्रम रहेको छ।

# निजी क्षेत्रलाई निर्धक्क भएर व्यवसाय गर्न सरकारको आग्रह

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १२ जेठ

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार तथा संविधान संशोधन बहसपत्र तयारी कार्यदलका संयोजक असिम शाहले सरकारले निजी क्षेत्रमैत्री नीति अवलम्बन गरिरहेको भन्दै व्यवसायीहरूलाई निर्धक्क भएर व्यवसाय सञ्चालन गर्न आग्रह गरेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित उद्योग, वाणिज्य तथा निजी क्षेत्रसँगको छलफलमा उनले निजी क्षेत्रसँगको सहकार्यबिना देशको आर्थिक विकास सम्भव नभएको बताए। सरकारले कुनै पनि व्यवसायीलाई लक्षित गरेर धरपकड नगरेको स्पष्ट पार्दै उहाँले गम्भीर आपराधिक गतिविधि तथा राज्यलाई क्षति पुऱ्याउने कार्यमा संलग्न व्यक्तिमाथि मात्रै कानुनी कारबाही भइरहेको दाबी गरे। 'प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय वा अन्य कुनै निकायबाट कसैलाई समात्ने वा नसमात्ने भन्ने निर्देशन दिइएको छैन । सिस्टमले निष्पक्ष रूपमा आफ्नो काम गरिरहेको छ,' उनले भने।

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

बुधवार, १३ जेठ, २०८३
Wednesday, 27 May 2026

## सम्पादकीय

# बेरुजुको दलदलमा कर्णाली

कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अहिले विकासभन्दा बढी बेरूजुको पर्याय बन्न पुगेको छ । तथ्यांक अनुसार महालेखापरीक्षकको आठौँ प्रतिवेदनले यो कुरा देखाएको छ । यो तथ्यांक आर्थिक अनियमितताको सामान्य विवरण मात्र होइन, प्रदेश सरकारको वित्तीय अनुशासन, कार्यक्षमता र सुशासनमाथिको गम्भीर प्रश्न पनि हो । विकास निर्माणको मुख्य जिम्मेवारी बोकेको मन्त्रालयमै धेरै हिस्सा केन्द्रित हुनु चिन्ताजनक मात्र होइन, लज्जास्पद अवस्था पनि हो । ३९ करोडभन्दा बढी बेरूजु बोकेको भौतिक मन्त्रालयले प्रदेशको समग्र बेरूजुको बढी हिस्सा ओगट्नु संयोग होइन । यो बजेट कार्यान्वयनमा कमजोरी, आर्थिक अनुशासनहीनता र अनुगमनको अभावको परिणाम हो । अझ दुःखद पक्ष त के छ भने, बर्सेनि बेरूजु घट्नुको सट्टा झन् बढ्दै गएको छ । विकासका नाममा विनियोजन गरिने ठूलो बजेट पारदर्शी र उत्तरदायी ढंगले खर्च हुन नसक्दा प्रदेशवासीले अपेक्षा गरेको विकास पनि प्रभावित भएको छ ।

सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालयदेखि जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयसम्म बेरूजुको फैलँदो सूचीले समस्या कुनै एक मन्त्रालयमा सीमित नभएको पनि स्पष्ट हुन्छ । प्रदेश सरकारको समग्र सार्वजनिक वित्तीय व्यवस्थापन नै कमजोर देखिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले स्पष्ट रूपमा बेरूजुलाई अनियमित कारोबारको सूचक मानेको अवस्थामा पनि सम्बन्धित निकायहरू गम्भीर नदेखिनु झन् खतरनाक संकेत हो । कर्णाली प्रदेशको कुल बेरूजु चार अर्ब ७३ करोड रूपैयाँ नाघिसकेको छ । यो अंकको खेल होइन; यो जनताको करबाट उठेको रकमको जवाफदेहितामाथिको प्रश्न पनि हो । अझ गत वर्ष मात्रै बेरूजु दोब्बर दरले बढ्नुले प्रदेश सरकार सुधारभन्दा पनि अव्यवस्थातर्फ उन्मुख रहेको संकेत गर्छ । प्रतिवेदनले वित्तीय व्यवस्थापन चुस्त बनाउन नसकेको औंल्याउँदा पनि त्यसलाई गम्भीरतापूर्वक नलिनु सरकारको गैरजिम्मेवारी हो । सार्वजनिक लेखा समितिले पटक-पटक सुझाव, निर्देशन र निगरानी गर्दै आएको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु अर्को विडम्बना हो । संसदीय समितिका निर्देशन केवल औपचारिकता बन्नु लोकतान्त्रिक उत्तरदायित्वमाथिको प्रहार हो ।

प्रदेश सरकार आफैं प्रदेशसभाप्रति जवाफदेही हुन नसक्दा सुशासनको आधार कमजोर बन्दै गएको छ । कर्णाली जस्तो विकासका दृष्टिले पछि परेको प्रदेशमा उपलब्ध सीमित स्रोत-साधनको पनि दुरूपयोग हुनु गम्भीर विषय हो । प्रदेश सरकार अब पनि सचेत नभए बेरूजु केवल आर्थिक समस्या मात्र रहने छैन, यसले जनविश्वासको संकट निम्त्याउनेछ । विकासको सपना देखाएर जनताबाट मत लिने तर खर्चको हिसाब पारदर्शी रूपमा दिन नसक्ने प्रवृत्तिले लोकतान्त्रिक व्यवस्थाप्रति नै निराशा बढाउने खतरा हुन्छ । अब आवश्यक कुरा प्रतिवेदन सार्वजनिक गरेर औपचारिक चिन्ता व्यक्त गर्नु मात्र होइन । बेरूजु बढाउने निकाय र जिम्मेवार अधिकारीमाथि कडा कारबाही, खर्च प्रणालीमा पारदर्शिता, नियमित अनुगमन र वित्तीय अनुशासनको कडाइ अनिवार्य छ । अन्यथा कर्णाली प्रदेश सरकार विकासको होइन, बेरूजुको अखडाकै रूपमा चिनिने छ ।

# बिग्रेको गाडी धकेल्दै कहाँ पुग्लान् ओली ?



✍ गंगा बराल

एमाले अध्यक्ष केपी शर्मा ओली अहिले अत्यन्तै संकटको अवस्थामा पुगेका छन् भनेर सबैलाई लागेको छ । तर उनलाई भने यो विषयले कतै छोएको छैन । मनको कुनै कुनामा पनि पोलेको वा दुखेको छैन । अरु कसैले समस्या छ भनेर भनिदिए पनि भोग्नेले नभोगेपछि अरुले सहानुभूति दिनुको कुनै अर्थ छैन । यो चरित्र ओलीको जीवनमा भने सधैँ लागू हुने गरेको छ ।

गत फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा एमालेको लज्जास्पद हार भएको धेरैले बुझेका छन् । तर 'बुझेनले कुरा नबुझेपछि मनमा कुरा नलिएपछि' गीतले भनेझैं त्यस्तै अवस्था आएको छ । हुन त ओलीले मेरो कारणले पार्टी हारेको होइन भनेर अरु धेरै कारण दिन सक्छन् । शब्दको धनी र वाककलाका प्रखर व्यक्तित्व के भन्छन् भन्ने अनुमान लगाउन कठिन छैन । राम्रो काम भए 'सबै मैले गर्दा' र गलत भए अरुलाई दोष दिने हाम्रो चलन कुनै नौलो होइन । अझ राजनीतिमा यो शैली आम प्रवृत्ति नै हो । के अब ओलीले 'एमालेको अध्यक्ष हुँ' भनेर हिजोको जस्तै छाती फुलाएर हिँड्ने अवस्था छ त ? त्यस्तो अवस्था पक्कै छैन । हुन त पार्टी भनेको सबैको साझा हो । गाउँमा बसेर आफ्नो पेट काटेर लेबी तिर्ने ठूलो तप्काको पार्टीमा धेरै अग्राधिकार रहन्छ । गाउँमा बसेर अरु नै काम गरेर पनि 'म एमालेको मान्छे हुँ' भनेर भन्नेको पनि पार्टी हो ।

पार्टीमा कसले के पद लियो त्यो बेग्लै विषय हो तर जसले त्यो जिम्मेवारी लिएको छ, त्यो जिम्मेवारी वहन गर्न सकेन भने उसलाई अयोग्यको दर्जा दिए फरक पर्दैन । आफूलाई अप्ठ्यारो परेपछि देशी- विदेशीको नाम लिँदै सबै दोष उनीहरुको थाप्लोमा खन्याइदिएर आफू चोखो हुन पनि हामीले जानेकै छौं । ओलीलाई यो कुरा थाहा नहोला भन्ने लाग्दैन । जब आफ्नो नेतृत्व कमजोर भयो भन्ने लाग्छ, उसले कहाँ कहाँ के बिग्रिएछ भनेर समीक्षा गर्नुपर्छ ।

एमालेको नामबाट नै उनी प्रधानमन्त्री भए- पटक पटक । संसदमा अल्पमतमा पर्दा सरकार मेरै पक्षमा छ, सांसदले विश्वास गरेकै छन् भनेर सरकारको आयु लम्ब्याउन सक्ने क्षमताका ओलीको विवेक र चलाख्याइँको जति व्याख्या गरे पनि अपुग हुन्छ । पद हो फेरि आउँछ कि आउँदैन ? परिस्थिति के हुन्छ ? भन्न नसकिने भएकाले पाएसम्म खाइरहने र त्यस्तो अप्ठ्यारो नपर्दा अरुलाई कुनै अवसर दिनु हुँदैन भन्ने उनको चरित्र हेर्दा स्वाभाविक नै लाग्छ । तर विश्व समुदायले मेरो कामलाई कसरी हेरेको छ भन्ने कुरा सोच्नुपर्ने हो, यद्यपि त्यतातिर गएर आफूलाई कमजोर पार्ने चेष्टा कसले गरोस् ?

**गुण्डुमा खुम्चिएको ओली आयतन**

एमालेको सचिवालय बैठक आइतबार सकिएको छ । बैठकमा उनी बसेको गुण्डुका छिमेकी महेश बस्नेतले मात्र उनलाई काँध हालेका छन् । अरु सबै ओलीको विपक्षमा उभिएका छन् । ओलीबाट पार्टी चल्दैन, अब रुपान्तरण र पुस्तान्तरण गरिनु पर्छ भनेर सबैजसोले भने पनि ओलीले सुनेका छैनन् । अर्को पार्टीबाट आएर केही समयअघि एमाले भएका अर्का उपाध्यक्ष रामबहादुर थापा 'बादल' ले ओलीलाई साथ दिएका छन् । हुन त बादललाई ओलीले लगाएको गुन यो जुनीका लागि पर्याप्त छ । गत मंसिरमा भएको पार्टी महाधिवेशनमा आफ्नो प्यानलमा पारेर पार्टी उपाध्यक्ष जिताए । पछि फेरि समानुपातिक सांसदमा नाम राखे अनि छानिदिए । यति दिँदा पनि उनलाई 'पुगिसरी' भएको थियो । त्यसमाथि अझ एमाले संसदीय दलको नेता बनाएर अवसरको खात लगाइदिएका छन् । थापाले पाएजस्तो अवसर प्रायः कमैले पाउँछन् । ओलीकै कारण पार्टीमा पदैपद पाएका थापाले ओलीको विरोध गर्दा ती पद नै संकटमा पर्ने भएपछि ओली राम्रो भन्नुको विकल्प छैन । महेश वस्नेतको त कुरै गर्नु परेन, उनी आवश्यक परे बैठकमा नै दोहोरो भिडन्तमा उत्रन सक्छन् । महेशको ढाडस ओलीका लागि यतिबेला अन्तिम सञ्जिवनी बनेको छ । ठूलो ज्यानका उनी चानचुने क्षमताका होइनन् भन्ने नबुझ्ने प्रायः कमै छन् ।

त्यसो भए एमालेको गाँठो फुकाउने अबको निकास के त ? भन्ने विषयमा एमालेमा गम्भीर रुपले समीक्षा गर्नुपर्ने बेला भएको छ । सबैले पार्टी अध्यक्ष छोडेर आराम गर्न ओलीलाई सन्देश दिएका छन् । तर ओलीका लागि त्यो प्रस्ताव चिराइतो जस्तै भएको छ । बरु प्रश्न उठाउनेलाई उनको प्रतिप्रश्न छ- ' मलाई के भएको छ र ? मैले गर्दा के बिग्रिएको छ ? किन आराम गर्नु ? म सक्रिय भइन भनें पार्टी कसरी चल्छ ?' वर्षौंदेखि ओली आत्मविश्वासी तर रोगी शरीर लिएर धानिएका छन् । पथपरहेज चलेकै कारण उनले क्रियाशील जीवन पाएका हुन् । ओलीमा देखिएको अदम्य साहस र आत्मविश्वास चिकित्सा विज्ञानका लागि पनि चमत्कार भएको छ ।

**सम्झिएर पनि सम्झिन नचाहने ओली**

ओलीले सचिवालय बैठकमा आफूलाई सम्झाउनु नपर्ने भनेका छन् । हुन त सम्झाएर पनि केही लाग्ने छैन । सम्झाउनेको शब्द नै खेर जान्छ, जति घुमाउरो ढंगले भने पनि शब्दचयनको कलाले नै ग्लानी महसूस गर्छ । ओलीले अनेक तिक्डमबाजी गरेर तेस्रो पटक पनि अध्यक्ष जितेका छन् । आखिर पूर्वअध्यक्ष भनिन मात्रै उनले फेरि पनि मेहनत गरेका भने पक्कै होइन । अध्यक्ष भएपछि केही होला भन्ने सोच पलाउनु पनि अचम्म होइन ।

राजनीति भनेको व्यापारजस्तै भएको छ । सानो व्यापार गर्नेले थोरै कमाउँछ, ठूलो र होलसेल गर्नेले त्यस्तै कमाउँछ । एमालेको दोकान ठूलो छ । कहिलेकाहीं सामान्य प्रकारका पैसा धेरै भएका र बुद्धि थोरै भएका सोझा ग्राहक आए भने कति फाइदा हुन्छ अनुमान नै लगाउन सकिँदैन किन एउटै व्यक्ति पटक पटक अध्यक्ष, मुलुकको कार्यकारी पदमा भइरहन्छ ? यो खोजीको विषय बनेको छ । हिजोको दिनमा त नियुक्ति, सरुवा, ठेक्कापट्टा वा दायाँबायाँ कति हो कति ? अहिले त यी सबै कुरा कल्पनामै सीमित भएका छन् । तर पनि भोलिको दिनमा पालो आउला भनेर कुरेर बस्नुपर्ने बाध्यता छ । भनिन्छ- सास हुन्जेल आश हुन्छ । यो ५ वर्ष कसरी जाला भन्ने चिन्ता ओलीलाई छ । केही कारणले बीचैमा निर्वाचन भयो भने आउने आफू र एमाले नै हो भन्ने ओलीलाई नलाग्ने कुरै भएन । एमालेले दिएको अवसर के सबैलाई समान छ ? योग्यताका आधारमा नै कार्यकर्ताले काम र नाम पाएका छन् त ? पक्कै पनि छैन । चाकरीचाप्लुसी नै योग्यताको मुख्य आधार बनिरहेको यो समयमा नेतृत्वको वरिपरि घुमेर उसलाई नै खुशी पारेपछि अरु कोही नचाहिने भएकाले नै मानिसले त्यही बाटो पक्रिने गरेका छन् ।

अस्तिको निर्वाचनमा एकजना भन्दै थिए 'म तीन महिना भइसक्यो पार्टीमा लागेको, मैले अब पनि टिकट नपाए कहिले पाउने ?' तीन त होइन तेत्तीसै वर्ष भए पनि मापदण्डको घेरामा नपरेकाले टिकट त के, कहिल्यै केही पनि पाउँदैन । निर्वाचनमा टिकटको व्यापार हुन्छ भन्दा कसैलाई 'सुनिसक्नु' नहुन सक्छ तर यति र उति बुझाएर टिकट लिएको भन्ने सुन्नमा आउने गरेको छ ।

**चन्दाले पार्टी चलाउने कि व्यक्ति ?**

भन्न चाहिँ पार्टी चलाउन सहयोग भन्ने गरिन्छ तर त्यो रकम पार्टीको खातामा जान्छ वा व्यक्तिको त्यो भने बुझ्नु जरुरी छ । हामीलाई भन्न जति सजिलो छ, नेतालाई पनि त्योभन्दा बढी अप्ठ्यारो छ । कतिपय कुरा सीधै जोसुकैसँग गर्न नमिल्ने भएकाले बाहिर 'एजेन्ट' राख्नुपर्ने बाध्यता छ । एजेन्ट आफ्नो विश्वासपात्र नै हुनुपर्‍यो त्यसैले पनि प्रमुख नेताका वरिपरि र सचिवालयमा बस्ने मान्छे कहिले पनि नफेरिने कारण त्यही हो । जसले सबै 'सेटिङ' मिलाउन सक्छ उ नै नेताको 'भित्रिया' हुन्छ । नयाँ मान्छेलाई नियुक्ति दिँदा चलखेलमा अवरोध हुन्छ भनेर नै उनीहरुले सचिवालयमा एउटैलाई मौका दिएका छन् । नेताले सीधै कुरा गर्नुभन्दा पनि 'दले' मार्फत जानु र आफ्ना पार्टीका कार्यकर्ता र नेतालाई पार्टीका प्रमुख नेताले भेटेर प्रष्ट कुरा नगर्नु पनि यस्तै संकेतको वरिपरि घुमेको मुख्य चुरो हो । अझ कतिपय अवस्थामा त आफ्ना पार्टीका मान्छेलाई भन्दा पनि 'मोलमोलाई' का आधारमा फरक पार्टीकालाई नियुक्ति र अवसर पनि दिएको देखिएको छ । यसो हुँदा झट्ट बाहिरबाट हेर्दा राजनीतिकरण नभएजस्तो पनि देखियो, घुमाउरो कुरा त 'चलखेल'सँगै सम्बन्धित छ । योग्यता र क्षमताले मान्छेले अवसर पाउने भए बिहान बेलुका कसैले पनि नेताको घरको दैलो ढुक्ने थिएन तर परिपाटी नै त्यस्तै बनाइदिएर आफ्नो 'टाउकाको मूल्य' आफैं बढाइरहेका थिए हिजोसम्म ।

# सल्यानमा म्याद गुज्रिएका सामग्री नष्ट

❐ काँक्रेविहार संवाददाता

सल्यान, १२ जेठ

वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत पर्ने सल्लीबजार र देवस्थल बजार क्षेत्रमा गरिएको संयुक्त बजार अनुगमनका क्रममा ठूलो परिमाणमा म्याद गुज्रिएका खाद्य सामग्री, अवैध घरेलु मदिरा तथा विभिन्न औषधिजन्य सामग्री बरामद गरी नष्ट गरिएको छ ।

उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने सामग्री खुलेआम बिक्री भइरहेको पाइएपछि सम्बन्धित निकायले कडाइका साथ कारबाही प्रक्रिया अघि बढाएको जनाएको छ ।

सोमबार वनगाड कुपिण्डे नगरपालिका, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यानलगायत निकायको संयुक्त टोलीले बजार अनुगमन गरेको हो ।

अनुगमनका क्रममा विभिन्न पसल तथा व्यवसायमा म्याद गुज्रिएका खाद्य तथा पेय पदार्थ, अवैध घरेलु मदिरा, मेडिकल सामग्री र एग्रोभेटजन्य औषधि बिक्री-वितरण भइरहेको फेला परेको थियो ।

नगरपालिकाका अनुसार बरामद सामग्रीमा नेपाल आइस बियरका ठूला दुई कार्टुन र साना दुई कार्टुन, क्याम्पा कोलाका सात पेटी, डाइमन्डको बोतलमा राखिएको अवैध घरेलु मदिरा १५ थान, चाउचाउ पाँच पेटी, चिप्स १२ पेटी, म्याङ्गो स्लाइस दुई पेटी, खानेतेल एक पेटी, सुजी एक सय प्याकेट, भुजा ४० पोका,



चिउरा २५ पोका तथा विभिन्न मसलाजन्य सामग्री रहेका छन् । साथै चकलेट, बिस्कुट, मेडिकल सामग्री, एग्रोभेटजन्य औषधि र विषादीसमेत नियन्त्रणमा लिएर नष्ट गरिएको छ ।

अनुगमन टोलीले व्यवसाय दर्ता तथा नवीकरण नगरी सञ्चालन भइरहेका पसलसमेत फेला पारेको छ । त्यस्ता व्यवसायीलाई सात दिनभित्र अनिवार्य रूपमा व्यवसाय दर्ता तथा नवीकरण प्रक्रिया पूरा गर्न निर्देशन दिइएको छ ।

तोकिएको समयभित्र कानुनी प्रक्रियामा नआए थप कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

अनुगमनका क्रममा उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने गुणस्तरहीन तथा म्याद नाघेका सामग्री सहज रूपमा बिक्री भइरहेको देखिएपछि स्थानीयवासीले समेत बजार व्यवस्थापनमा कडाइ गर्न माग गरेका छन् ।

उपभोक्ताले बजारमा नियमित अनुगमन नहुँदा यस्ता सामग्री खुलेआम बिक्री हुने गरेको गुनासो गरेका छन् ।

अनुगमनमा नगर प्रमुख कर्णबहादुर बुढाथोकी, उपप्रमुख पुरुषोत्तम आचार्य, प्रमुख प्रशासकीय अधिकृत गोकर्ण पन्थीलगायत सहभागी थिए । साथै उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान, उद्योग वाणिज्य संघ सल्यान, सुरक्षाकर्मी, बजार व्यवस्थापन समिति, पालिकाका कर्मचारी तथा सञ्चारकर्मीको समेत उपस्थिति रहेको थियो ।

नगरपालिकाले उपभोक्ता हित संरक्षण, गुणस्तरीय वस्तुको सुनिश्चितता तथा बजार व्यवस्थापनलाई व्यवस्थित बनाउन आगामी दिनमा नियमित रूपमा बजार अनुगमनलाई निरन्तरता दिइने जनाएको छ । सल्लीबजारसँगै नगरपालिकाभित्रका अन्य बजार क्षेत्रमा समेत अनुगमन विस्तार गरिने बताइएको छ ।

# ७३ शिक्षकले पाएनन् तलब



**काँक्रेविहार संवाददाता**

दैलेख, १२ जेठ

जिल्लाको ठाँटीकाँध गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत अनुदान शिक्षकहरूले विगत एक वर्षदेखि तलब नपाएको गुनासो गरेका छन् ।

लामो समयसम्म पारिश्रमिक नपाउँदा शिक्षकहरू आर्थिक संकटमा परेका छन् भने यसको प्रत्यक्ष असर विद्यालयको पठनपाठन र शैक्षिक व्यवस्थापनमा समेत पर्न थालेको छ ।

गाउँपालिका भित्र रहेका विभिन्न विद्यालयमा कार्यरत शिक्षकहरू नियमित रूपमा विद्यालयमा उपस्थित भएर अध्यापन गराउँदै आए पनि आफूहरूले लामो समयदेखि तलब नपाएको बताएका छन् । शिक्षकहरूका अनुसार विगतमा चार-चार महिनाको अन्तरालमा तलब उपलब्ध गराइने गरिएको भए पनि पछिल्लो समय आठ महिनासम्म ढिलाइ हुने अवस्था आएको थियो ।

अहिले भने पूरा एक वर्ष बितिसक्दा पनि तलब नपाउँदा उनीहरू गम्भीर समस्यामा परेका छन् । मालिका माध्यमिक विद्यालय का प्रधानाध्यापक धीरबहादुर शाहीले गाउँपालिकाको अनुदानमा कार्यरत शिक्षकहरूले एक वर्षदेखि तलब सुविधा नपाएको जानकारी दिए ।

उनले शिक्षकहरूले निरन्तर रूपमा आफ्नो जिम्मेवारी पूरा गर्दै आए पनि सम्बन्धित निकायबाट बेवास्ता भएको गुनासो गरे ।

प्रधानाध्यापक शाहीका अनुसार लामो समय सम्म तलब नपाउँदा शिक्षकहरूको मनोबल घट्दै गएको छ । शिक्षकहरूले नियमित रूपमा विद्यालयमा आएर अध्यापन गरिरहेका छन्, तर उनीहरूको आधारभूत आवश्यकता पूरा हुने अवस्था छैन, उनले भने समयमै माग सम्बोधन नभए शिक्षकहरू थप आन्दोलनमा जान बाध्य हुन सक्छन् । त्यस्तै, दशरथ माध्यमिक विद्यालय मा कार्यरत शिक्षक हिमबहादुर शाहीले तलब नपाउँदा आफ्नो दैनिक जनजीवन नै प्रभावित भएको बताए । उनका अनुसार घरपरिवारको खर्च धान्न, बालबालिकाको पढाइ खर्च व्यवस्थापन गर्न र दैनिक आवश्यकता पूरा गर्न कठिन भइरहेको छ ।

"हामी नियमित रूपमा विद्यालयमा पढाउन आउँछौं, आफ्नो जिम्मेवारी पनि पूरा गरिरहेका छौं," उनले भने "तर वर्षदिनसम्म तलब नपाउँदा आर्थिक रूपमा निकै समस्या भएको छ ।

कतिपय शिक्षक ऋण लिएर घरखर्च चलाउन बाध्य भएका छन् ।" शिक्षकहरूले समयमै पारिश्रमिक नपाउँदा विद्यालयको शैक्षिक वातावरणमा पनि नकारात्मक असर पर्न थालेको बताएका छन् । उनीहरूका अनुसार आर्थिक तनावका कारण शिक्षकहरूको कार्यक्षमता र मनोबलमा असर परेको छ, जसले विद्यार्थीको सिकाइ प्रक्रियामा समेत प्रभाव पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ । यता, ठाँटीकाँध गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलसीप्रसाद उपाध्यायले बजेट अभाव तथा प्रशासनिक प्रक्रियाका कारण तलब वितरणमा ढिलाइ भएको स्वीकार गरे ।

उनले अनुदान शिक्षकहरूको तलब निकासाका लागि आवश्यक प्रक्रिया अघि बढाइएको र समस्या समाधानका लागि पहल भइरहेको जानकारी दिए । उनका अनुसार गाउँपालिकाले उपलब्ध स्रोत र बजेट व्यवस्थापनको आधारमा समस्या समाधान गर्ने प्रयास गरिरहेको छ ।

"शिक्षकहरूको समस्या प्रति गाउँपालिका गम्भीर छ," उनले भने, "तलब निकासाका लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको छ र सकेसम्म चाँडो समाधान गर्ने प्रयास भइरहेको छ ।"

गाउँपालिकाभित्र रहेका ३७ वटा सामुदायिक विद्यालयमा कार्यरत करिब ७३ जना अनुदान शिक्षक हाल तलबविहीन बनेका छन् । लामो समयसम्म तलब नपाउँदा शिक्षकहरूमा निराशा बढ्दै गएको छ भने तत्काल समस्या समाधान गर्न सम्बन्धित निकायसँग माग गरिएको छ ।

# जुम्लामा मर्यादित महिनावारीबारे अन्तरक्रिया




**काँक्रेविहार संवाददाता**

जुम्ला, १२ जेठ

साहित्यकार तथा सामाजिक अभियान्ता राधा पौडेलले जुम्लाका सञ्चारकर्मीहरूलाई लक्षित गर्दै "यौन तथा प्रजनन स्वास्थ्यका लागि मर्यादित महिनावारी" विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेकी छन् ।

दुई दिने कार्यक्रममा बोल्दै पौडेलले महिनावारीलाई अझै पनि अन्धविश्वास, विभेद र सामाजिक बन्देजसँग जोडेर हेर्ने परम्पराले महिलाको सम्मान र अधिकारमा असर पारिरहेको बताइन् । उनले महिनावारीलाई अपवित्रता वा अशुद्धताको रूपमा हेर्ने मानसिकता नै लैङ्गिक विभेदको प्रमुख कारण भएको उल्लेख गरिन् । पौडेलका अनुसार महिनावारी प्राकृतिक जैविक प्रक्रिया हो, जसलाई रोग वा कमजोरीका रूपमा गलत रूपमा व्याख्या गर्दा महिलाहरू सामाजिक रूपमा पछाडि पारिँदै आएका छन् ।

उनले महिलाको शरीरमाथि नियन्त्रण गर्ने सोचले शिक्षा, घरपरिवार र सार्वजनिक जीवनमा विभेद बढाएको बताइन् । उनले केवल स्यानिटरी प्याड वितरणलाई मात्र समाधान मान्न नहुने भन्दै सामाजिक सोच, व्यवहार र भाषामा परिवर्तन आवश्यक रहेकोमा जोड दिइन् ।

विद्यालय, परिवार, सञ्चारमाध्यम र स्थानीय सरकार सबैले मर्यादित महिनावारी अभियानमा सक्रिय भूमिका खेल्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले मर्यादित महिनावारीसम्बन्धी ११ बुँदे साझा प्रतिबद्धता सार्वजनिक गरेका छन् । प्रतिबद्धतामा समुदायस्तरमा सचेतना फैलाउने, सञ्चारमाध्यममा बहस र समाचार प्रवाह बढाउने, स्थानीय तहमा नीति तथा बजेटका लागि पहल गर्ने र विद्यालयस्तरमा पाठ्यक्रम विकासमा सहयोग गर्ने विषय समावेश छन् ।

सहभागीहरूले घरबाटै महिनावारी विभेद अन्त्यको अभियान सुरु गर्नुपर्ने, युवा तथा किशोरी समूह गठन गरी सामाजिक अभियान विस्तार गर्नुपर्ने र सम्मानजनक शब्दावली प्रयोगमा ध्यान दिनुपर्ने धारणा राखेका छन् । उनले सञ्चारकर्मीलाई महिनावारी विभेद र महिला हिंसा अन्त्यका लागि सक्रिय रूपमा कलम चलाउन आग्रह गरेकी छन् ।

# हुम्लामा २ सय ७० हेक्टर वन जलेर नष्ट



**काँक्रेविहार संवाददाता**

हुम्ला, १२ जेठ

जिल्लाको सिमकोट गाउँपालिका सात डाँडाफया स्थित ओखेन सामुदायिक वनमा लागेको भीषण आगलागीका कारण ठूलो वन क्षेत्र जलेर नष्ट भएको छ ।

अज्ञात समूहले आगो लगाएको आशंका गरिएको उक्त डढेलो गत मङ्गलबार राति करिब आठ बजेदेखि सुरु भएको हो ।

आगलागी अझै पूर्ण रूपमा नियन्त्रणमा आउन नसक्दा स्थानीय बासिन्दा त्रसित बनेका छन् । ओखेन सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष मन्दिर सिंहका अनुसार आगलागी कसले गराएको हो भन्ने हालसम्म खुल्न सकेको छैन ।

घटनाबारे अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय हुम्लालाई जानकारी गराइएको उनले बताए । "वन क्षेत्रमा नियोजित रूपमा आगो लगाइएको देखिन्छ, तर संलग्न व्यक्तिको पहिचान हुन सकेको छैन उनले भने ।

गाउँनजिकै रहेको सामुदायिक वनमा लागेको डढेलोका कारण ओखेन गाउँ नै जोखिममा परेको स्थानीयको भनाइ छ । करिब एक सातादेखि लगातार फैलिरहेको आगोले वन क्षेत्रका रुखबिरुवा, जडीबुटी तथा वन्यजन्तुको बासस्थानमा ठूलो क्षति पुऱ्याएको छ ।

चराचुरुङ्गी तथा वन्यजन्तु मरेको वा विस्थापित भएको अनुमान गरिएको छ । समितिका अनुसार चार सय ५० हेक्टर वन क्षेत्रमध्ये करिब दुई सय ७० हेक्टर क्षेत्र पूर्ण रूपमा जलेर नष्ट भएको छ ।

बाँकी क्षेत्रमा समेत आगो फैलिने खतरा कायम रहेको छ । डढेलोका कारण वातावरणीय असरसमेत बढ्दै गएको स्थानीयले बताएका छन् ।

आगलागी नियन्त्रणका लागि सामुदायिक वन उपभोक्ता समितिका २५ जना सदस्यसहित स्थानीय बासिन्दा निरन्तर खटिरहेका छन् । तर दुर्गम भूगोल, सुक्खा मौसम, तीव्र हावाहुरी तथा पानीको अभावका कारण आगो नियन्त्रण गर्न निकै कठिन भइरहेको छ ।

वन क्षेत्र नजिक पर्याप्त पानीको स्रोत नहुँदा आगो निभाउने प्रयास प्रभावकारी बन्न सकेको छैन । स्थानीयवासीका अनुसार डढेलोले वन क्षेत्र मात्र नभई गाउँको सुरक्षामा समेत खतरा उत्पन्न गरेको छ ।

आगो बस्ती नजिक फैलिन थालेपछि सर्वसाधारण रातभर जाग्राम बस्न बाध्य भएका छन् । स्थानीयले सम्बन्धित निकायबाट तत्काल प्रभावकारी सहयोगको माग गरेका छन् ।

अध्यक्ष सिंहले स्थानीय सञ्चार माध्यममार्फत वनडढेलो नियन्त्रणमा सहयोग गर्न स्थानीयवासी, सुरक्षाकर्मी तथा सरोकारवाला निकायलाई आग्रह गरेका छन् । उनले समयमै नियन्त्रण गर्न नसकिए थप वन क्षेत्र र बस्तीमा ठूलो क्षति पुग्न सक्ने चेतावनी दिए ।

## जानकारीमूलक सूचना

- कर्णाली प्रदेश सरकारले वित्तीय अनुशासन, पारदर्शिता तथा प्रभावकारी बजेट कार्यान्वयनलाई प्राथमिकतामा राख्दै चालु आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको व्यहोरा जानकारी गराइन्छ । प्रदेश सरकार द्वारा विनियोजित बजेट तथा कार्यक्रमहरू सम्बन्धित कानुन, कार्यविधि र मापदण्डअनुसार सञ्चालन गर्न सबै निकायलाई अनुरोध गरिन्छ ।
- विशेषगरी योजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा बजेट खर्च, रकमान्तर, खरिद प्रक्रिया, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाउन मन्त्रालयले आवश्यक सहजीकरण तथा अनुगमनलाई तीव्रता दिएको छ ।
- साथै, मन्त्रालयले प्रदेशको समग्र आर्थिक विकास, सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन सम्बन्धित निकाय तथा नागरिकसँग समन्वय र सहकार्यलाई निरन्तर प्राथमिकता दिँदै आएको जानकारीसमेत गराइन्छ ।
- कुनै पनि योजना, कार्यक्रम वा बजेट कार्यान्वयनसम्बन्धी थप जानकारी, सुझाव वा गुनासो भए मन्त्रालयमा सम्पर्क गर्न सकिनेछ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

विविध

बुधवार, १३ जेठ, २०८३
Wednesday, 27 May 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# गर्मी बढेपछि भेरी अस्पताल 'हाइ अलर्ट'मा




**काँक्रेविहार संवाददाता**

नेपालगञ्ज, १२ जेठ

पश्चिम नेपालका बाँके, बर्दिया र कैलालीलगायत तराई जिल्लामा अत्यधिक गर्मी बढेसँगै हिटस्ट्रोकको जोखिम उच्च भएपछि नेपालगन्ज स्थित भेरी अस्पताललाई २४ सै घण्टा 'हाइ अलर्ट'मा राखिएको छ।

पश्चिम नेपालको प्रमुख सरकारी अस्पतालका रूपमा रहेको भेरी अस्पतालले गर्मीजन्य बिरामीको संख्या बढ्न थालेपछि इमरजेन्सी सेवा तयारी अवस्थामा राखिएको जनाएको छ।

अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा. नवीन दर्नालका अनुसार चर्को गर्मीका कारण मानिसमा हिटस्ट्रोकको जोखिम बढेकाले चिकित्सक र स्वास्थ्यकर्मीलाई सतर्क अवस्थामा राखिएको हो।

अस्पतालमा पछिल्ला दिनहरूमा टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, शरीरमा पानीको कमी हुने, ज्वरो आउने तथा अत्यधिक थकानजस्ता समस्या भएका बिरामीको संख्या बढ्दै गएको छ।

विशेषगरी खेतबारीमा काम गर्ने किसान र दैनिक ज्यालादारी मजदुरहरू बढी प्रभावित भइरहेको अस्पतालले जनाएको छ।

भेरी अस्पतालका सूचना अधिकारी वरिष्ठ फिजिसियन डा. संकेतकुमार रिसालले लगातार उच्च ज्वरो आउने, बेहोस हुने, सास फेर्न गाह्रो हुने वा लगातार बान्ता हुने लक्षण देखिए तत्काल स्वास्थ्य संस्थामा जान आग्रह गर्नुभएको छ।

चिकित्सकहरूले दिउँसोको चर्को घाममा सकेसम्म बाहिर ननिस्कन, प्रशस्त पानी पिउन, हल्का कपडा लगाउन र गर्मीबाट जोगिने उपाय अपनाउन सर्वसाधारणलाई सुझाव दिएका छन्।

यसैबीच जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले लुम्बिनी प्रदेशका तराई जिल्लामा अझै केही दिन तातो लु चल्ने चेतावनी जारी गरेको छ।


## जानकारीमूलक सूचना

- मानव संसाधन विकास केन्द्र, कर्णाली प्रदेशले प्रदेशभित्र शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक क्षमता विकास, तालिम सञ्चालन तथा शिक्षासम्बन्धी विभिन्न कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको व्यहोरा जानकारी गराइन्छ।
- केन्द्रद्वारा शिक्षक पेशागत विकास, शैक्षिक नेतृत्व विकास, प्रविधिमैत्री शिक्षण सिकाइ, क्षमता अभिवृद्धि तालिम तथा विभिन्न शैक्षिक कार्यक्रमहरू प्रदेशका स्थानीय तह र विद्यालयसँग समन्वय गरी सञ्चालन भइरहेका छन्।
- शिक्षा क्षेत्रको समग्र सुधार, गुणस्तरीय सिकाइ वातावरण निर्माण तथा मानव स्रोत विकासलाई थप प्रभावकारी बनाउन सम्बन्धित सबै पक्षको सहकार्य र सक्रिय सहभागिताका लागि अनुरोध गरिन्छ।
- तालिम, कार्यक्रम, आवेदन तथा अन्य शैक्षिक गतिविधिसम्बन्धी जानकारी केन्द्रको आधिकारिक सूचना तथा सम्पर्क माध्यममार्फत प्राप्त गर्न सकिनेछ।

कर्णाली प्रदेश
मानव संसाधन विकास केन्द्र
वीरेन्द्रनगर, सुर्खेत



## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/१३**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री यूवराज थापा** धनी रहेको, **दर्ता नम्बर** २३०६/०७१/०७२ बाट **गुर्भाकोट-१०, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सारू बंगुर फाराम** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।



## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/१३**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री दिपक भट्टराई** धनी रहेको, **दर्ता नम्बर** ९४९१/०७८/७९ बाट **वीरेन्द्रनगर-४, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **गाकुसेई इन्डिष्टच्युट** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।



## जानकारीमूलक सूचना

- कर्णाली प्रदेशभित्र सञ्चालित सडक, पुल, भवन तथा अन्य पूर्वाधार निर्माण कार्यलाई गुणस्तरीय, सुरक्षित र प्रभावकारी बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको सम्पूर्ण नागरिकमा जानकारी गराइन्छ।
- विकास निर्माणका कार्य सञ्चालन भइरहेका क्षेत्रमा सवारी साधन सञ्चालन गर्दा सावधानी अपनाउन, निर्माण सामग्री तथा उपकरणमा क्षति नपुऱ्याउन तथा सम्बन्धित निकायसँग समन्वय गरेर मात्रै कार्यस्थलमा प्रवेश गर्न अनुरोध गरिन्छ।
- मनसुनको समयमा सडक अवरुद्ध, पहिरो, बाढी तथा प्राकृतिक विपद्का कारण आवागमनमा समस्या हुन सक्ने भएकाले यात्रा गर्दा आवश्यक सतर्कता अपनाउन पनि सबैमा आग्रह गरिन्छ। जोखिमयुक्त सडक खण्डमा सावधानीपूर्वक यात्रा गर्न तथा स्थानीय प्रशासन र सम्बन्धित निकायबाट जारी सूचनाको पालना गर्न अनुरोध छ।
- प्रदेश सरकार सुरक्षित, व्यवस्थित र दिगो पूर्वाधार निर्माणमार्फत नागरिकलाई सहज सेवा प्रवाह गर्न निरन्तर क्रियाशील रहेको व्यहोरा समेत जानकारी गराइन्छ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत



## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/१३**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री हरिबहादुर रोकाय** धनी रहेको, **दर्ता नम्बर** ६७५३ बाट **वीरेन्द्रनगर-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **समृद्धि कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)